# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

**टंगाल, काठमाण्डौ**

**अख्तियार दुरुपयोग अनुसन्धान आयोग टंगाल, काठमाण्डौमा चमेनागृह सञ्चालन गर्ने सम्बन्धी सिलवन्दी दरभाउपत्र आव्हान गरिएको सूचना**

सिलवन्दी दरभाउपत्र सूचना नं.३

प्रथम पटक प्रकाशित मिति २०७४।०६।१८

यस आयोगको परिसर भित्र आयोगका कर्मचारीका लागि आ.व.०७४/७५ मा चमेनागृह सञ्चालन गर्नुपर्ने भएकोले नेपाल सरकारबाट सो कार्य गर्न इजाजत प्राप्त गर्नुका साथै मुल्य अभिवृद्धि कर र स्थायी लेखा नं. प्राप्त गरेका इच्छुक फर्म तथा संस्थाहरुबाट निम्न शर्तको अधिनमा रहि रितपूर्वकको सिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ ।

**तपशिल :**

१. सिलबन्दी दरभाउपत्र सम्बन्धी कागजात यो सूचना प्रथम पटक प्रकाशित मितिले १५ औं दिनसम्म कार्यालय समय भित्र यस आयोगको सामान्य प्रशासन शाखाबाट फर्म दर्ता (नविकरण सहित), आयकर एवम् मुल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपी र आ.व.०७२/७३ सम्मको कर चुक्ता गरेको कागजपत्र संलग्न राखी राजश्व दस्तुर वापत नगद रु.१०००। (फिर्ता नहुने गरी) बुझाई खरिद गर्न सकिने छ ।

२. खरिद भएका दरभाउपत्रहरु यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १६ औं दिन दिनको १२:०० बजेभित्र यस आयोगको नाममा सम्बोधन गरी दरभाउपत्रदाताको नाम, ठेगाना र फोन नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई शिलबन्दी लाहाछाप गरी यस आयोगको सामान्य प्रशासन शाखामा दर्ता गराउन सकिने छ ।

३. दरभाउपत्र फारामसाथ जमानत वापत रु ५०००।- कोष तथा लेखा नियन्त्रक कार्यालय काठमाण्डौ भुक्तानी केन्द्र नं. ३ लैनचौरको राष्ट्रिय बाणिज्य बैंक ठमेलस्थित धरौटी खाता नं. ११००२०३ (यस आयोगको कार्यालय कोड नं. २७ -२०६ -०१ ) मा नगदै जम्मा गरेको सक्कलै बैंक भौचर पेश गर्नु पर्ने छ । नगद, चेक वा ड्राफ्टलाई मान्यता दिइने छैन ।

३. दर्ता भएका दरभाउपत्रहरु दरभाउपत्र पेश गर्ने अन्तिम मितिका दिन दिनको २:०० बजे दरभाउपत्रदाता वा निजका प्रतिनिधीहरु र आयोगका प्रतिनिधीहरुको रोहवरमा यस आयोगमा खोलिने छ । दरभाउपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभए पनि दरभाउपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

४. दरभाउपत्र खरीद गर्ने तथा पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदाको लगत्तै पछि आयोग खुलेको दिन सोही समयमा हुने छ ।

५. दरभाउपत्रमा कवोल गरेको दररेट उल्लेख गर्दा अंक र अक्षर दुवैमा स्पष्ट लेख्नुपर्ने छ । अंक र अक्षर बीच फरक परेकोमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ । केरमेट भएको ठाउँमा दरभाउपत्रदाताको सहि छाप भएको हुनुपर्ने छ ।

६. म्याद नाघी आएको, रित नपुगेको प्रत्येक सामानको दररेट उल्लेख नगरेको र शर्त राखिएको दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन ।

७. दरभाउपत्र स्वीकृत गर्ने, अस्विकृत गर्ने, रद्द गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस आयोगमा सुरक्षित रहने छ ।

८. सिलवन्दी दरभाउपत्रदाताको ग्राह्यता प्रमाणित गर्ने कागजातहरु सिलवन्दी दरभाउपत्रसाथ (सिलवन्दी खाम भित्रै) पेश गर्नुपर्ने छ । ग्राह्यता सम्बन्धी कागजातमा निम्न लिखित कागजातहरुको प्रतिलिपी समावेश गर्नुपर्ने छ ।

क) फर्म वा कम्पनी दर्ताको प्रमाणपत्र (नविकरण सहित) ।

ख) मुल्य अभिवृद्धि कर र स्थायी लेखा दर्ता नम्वर (प्यान) को प्रमाणपत्र ।

ग) आ.व.०७२/७३ सम्मको करचुक्ता को प्रमाणपत्र ।

घ) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ४० को उपनियम २(ङ) सँग सम्बन्धित घोषणपत्र ।

९. सूचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम हुने छ ।

१०. दरभाउपत्र सम्बन्धि थप जानकारी आवश्यक परेमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग टंगाल, काठमाण्डौको फोन नं.०१४४४२६११ मा सम्पर्क राखी बुझ्न सकिने छ ।